**आँखा पाक्ने रोगका लक्षण**

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने, कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने

यस्ता लक्षण आँखा पाक्ने रोगका हुन सक्छन्। यस्ता समस्या देखिए तत्काल चिकित्सकसँग परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com



❖ वर्ष ३७ ❖ २०८० भदौ १७ गते आइतवार // मृत भस्म नबन्दैमा भिःल्को भैकन बल्नुछ // 2023 September 03 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १६


## रोजगार गुमेर गाउँ फर्कने युवाहरूको सङ्ख्या बढ्दै

ओमप्रकाश चौधरी, सेढवा, १६ भदौ/

देशमा जारी आर्थिक मन्दीले युवाहरूको रोजगार सङ्कटमा परेको छ।



गाउँमा सञ्चालित पसलहरू । तस्वीरः फाइल/प्रतीक

देशका विभिन्न ठूला शहरमा कार्यरत पर्साका युवाहरू रोजगारबाट विस्थापित भई गाउँ फर्किन थालेका छन्।

जिल्लाका ठोरी, जीराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी, जगरनाथपुर गाउँपालिका र पर्सागढी नगरपालिका लगायतका युवाहरू गाउँ फर्किरहेका पटेर्वासुगौली गाउँपालिका घर भई काठमाडौंमा बसोबास गरिरहेका विजय चौधरीले बताए । कोभिड महामारीपछि देशमा आर्थिक समस्या बढ्दै गएपछि काठमाडौं, भरतपुर, पोखरा, बुटवल, हेटौंडा, विराटनगर, झापालगायतका शहरबाट युवाहरू विस्थापित हुने क्रम बढेको चौधरीले बताए ।

काठमाडौंमा स्टील तथा फलामको स्ट्रक्चर निर्माण कार्यमा संलग्न जीराभवानी गाउँपालिका–२ सेढवा निवासी शङ्कर चौधरीले काम नपाएर गाउँ फर्केको बताए ।

आम नागरिकसँग आर्थिक अभाव रहेको र बैंकले पनि ऋण लगानी नगर्दा निजीस्तरमा विकास निर्माणका कार्य एकदमै न्यून भएकाले बाध्य भई गाउँ फर्केको चौधरीले बताए । काम नभएर त्यहाँबाट फर्के पनि बालबच्चा अध्ययनका लागि त्यहीं राख्नुपरेको चौधरीले बताए।

त्यस्तै, जीराभवानी गाउँपालिकाकै शाहदेव महतो परिवारसहित पोखराबाट विस्थापित भई गाउँ फर्केका छन। उनी पोखरामा विगत १० वर्षदेखि टेक्सी चलाउँथे । उनले केही बचत रकम र केही ऋण काढेर टेक्सी खरीद गरेको बताए। तर टेक्सी नचलेकोले ब्याजसमेत तिर्न सक्ने अवस्था नरहेपछि टेक्सी बिक्री गर्नुपरेको र ऋण चुक्ता गरी गाउँ फर्केको बताए । अब गाउँमैं खेतीपाती गरी जीविका चलाउने उनले बताए। ग्रामीण भेगका प्रत्येक गाउँमा युवाहरू विस्थापित भएर फर्केका छन् । केही युवाहरू ती शहरहरूमा टिके पनि कारोबार भने एकदमै न्यून भएको बताउँछन् । जेनतेन गरी टिक्नुपरेको र मुश्किलले गुजारा चलाउनुपरेको दुःखेसो पोखेका छन् ।

गाउँ फर्केका युवाहरूको दैनिक ज्यालादारी, खेती, तरकारीको व्यापार, ससाना कारखाना भएपनि कारोबार भने नभएको दुःखेसो थियो ।

ग्रामीण भेगका युवाहरू यी शहरहरूमा मोटरसाइकल ग्यारेजमा, घर निर्माणका ठेकेदार, स्टील तथा गेट ग्रीलका ठेक्का, टेक्सी चालक, विभिन्न सामग्रीका पसल थाप्नेलगायतका व्यवसायमा संलग्न थिए ।

## १२ जना महिलासहित १५४ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १६ भदौ/

पर्साका दुई स्थान र बाराको एक स्थान गरी शनिवार सम्पन्न तीन ठाउँका रक्तदान कार्यक्रममा १२ जना महिलासहित १५४ जनाले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

नेपालका लागि नेपाली पार्टी, पर्साद्वारा वीरगंजको घण्टाघरमा आयोजित रक्तदान कार्यक्रममा ७० जनाले रक्तदान गरेका प्राविधिक प्रमुख पाण्डेले बताए ।

जिल्ला अध्यक्ष अनिल कुर्मीको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय अध्यक्ष सन्तोष पटेलले रक्तदान गरेर शुभारम्भ गरेका थिए । कार्यक्रममा राकेश साह, अग्निप्रसाद भुसाल, राजाबाबू चौरसिया, प्रणय सिन्हा, अनिल कुर्मी, आनन्द सिंह, रोहित पटेल, धीरेन्द्र यादव, सुवास पटेल, रामबाबू अधिकारी, महमद रियाजलगायतले रक्तदान गरेका थिए ।

यसैगरी, नेपाल सितेरियो कराँते सङ्घ, पर्साले वीरगंजमा आयोजना गरेको रक्तदान कार्यक्रममा दुईजना महिलासहित २२ जनाले रक्तदान गरेको प्राविधिक प्रमुख पाण्डेले बताए ।

त्यसैगरी, बाराको निजगढमा लायन्स क्लब अफ निजगढले आयोजना गरेको रक्तदान कार्यक्रममा १० जना महिलासहित ६२ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्रका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए । हनुमानचोकमा आयोजित कार्यक्रममा पवितु काफ्ले, पार्वती लामा, मनमाया श्रेष्ठ, नीरज कट्वाल, निरञ्जन रिसाल, सुरज गौतम, दिलीप यादवलगायतले रक्तदान गरेका थिए ।




तस्वीरः प्रतीक

## पत्रकारिताको नाममा ठगी भइरहेको छ –अध्यक्ष तिवारी

प्रस, वीरगंज, १६ भदौ/

वीरगंजबाट प्रकाशित वीरगंज सञ्जाल दैनिकको प्रथम तथा वीरगंज सञ्जाल डटकमको पाँचौं वार्षिकोत्सव कार्यक्रम नेपाल पत्रकास महासङ्घ पर्सा शाखामा सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल पत्रकार महासङ्घ पर्सा शाखाका अध्यक्ष अनुप तिवारीले पत्रकारिताको नाममा ठग्ने काम भइरहेकाले सो कार्य रोक्न जरुरी रहेको बताए । उनले समाजप्रति उत्तरदायी नहुने तर समाजलाई ठग्ने, लुट्ने व्यक्तिहरूको पक्षमा लेख्ने पत्रकारहरूलाई समाजले नै बहिष्कार गर्नुपर्ने जिकिर गरे ।




उनले केही पत्रकारहरूको सामाजिक सञ्जालको पेज हेर्दा केही निश्चित व्यक्ति वा सङ्गठनका पक्ष र विपक्षबाहेक समाजका अन्य घटनाबारे लेखेको खासै नदेखिने गरेको बताए । उनले लेखन सुधार गर्दै समाजमा विद्यमान विकृतिबारे कलम चलाउन आग्रह गरे। उनले भ्रष्टाचारसम्बन्धी समाचार लेख्दा पनि स्वार्थरहित निष्पक्ष भई कलम चलाउन आग्रह गरे । उनले स्वार्थ प्रतिकूल भएमा मात्र पत्रकारले जताततै भ्रष्टाचार देख्ने प्रवृत्तिले पनि पत्रकारिता बदनाम भइरहेको बताए ।

वीरगंज सञ्जाल पत्रिकाका सम्पादक आरसी यादवले पत्रिकाले छोटो समयमा पाठकवर्गको मन जितेको दाबी गरे । कार्यक्रममा सम्पादक एसके पण्डित, सहसम्पादक रञ्जीत यादव, प्रतिनिधिहरू कुमार चन्दन, सिकिन्द्र साह, राजन बनियाँ, उपेन्द्र साह, श्रुति साह, राज पासवान, रामनिवास पटेललाई सम्मान गरिएको थियो ।

सञ्जालका सञ्चालक कृष्ण श्रीवास्तवको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

## युवकको मृत्यु भएको चार दिनपछि अस्पतालमा तोडफोड

प्रस, परवानीपुर, १५ भदौ/

बारा, परवानीपुर गाउँपालिका–५ स्थित एलएस न्यूरो अस्पतालमा तोडफोड भएको छ । उपचारको क्रममा एक युवकको मृत्यु भएको चार दिनपछि शनिवार ती युवकका आफन्तजनले अस्पतालमा पुगेर वार्ता चलिरहेको अवस्थामा ढुङ्गामुढा गर्दा अस्पतालको सीसा, सिसिटिभी क्यामरा, ल्याब तथा फार्मेसी वार्डमा समेत तोडफोड भएको छ । तोडफोड घटनामा संलग्नमध्ये पाँचजनालाई हिरासतमा लिएर अनुसन्धान अघि बढाएको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ ।



अस्पतालअगाडि सुरक्षाका लागि तैनाथ प्रहरी । तस्वीरः प्रतीक

बारा, विश्रामपुर–५, नकटुवा बस्ने वर्ष २२ का रवि साहको गत मङ्गलवार बिहान ४ बजे मृत्यु भएको थियो ।

एलएस न्यूरो अस्पतालबाट थप उपचारको लागि नेशनल मेडिकल कलेजमा लैजाँदा साहको मृत्यु बाटोमैं भइसकेको कलेजका चिकित्सकले घोषणा गरेका थिए । गत भदौ ११ गते सोमवारका दिन कलैयाबाट नौतन आउने क्रममा मोतीसरनजीकै पाइप उद्योगअगाडि मृतक साहले चलाएको तीव्र गतिको मोटरसाइकल दुर्घटनाग्रस्त भएको थियो ।

सो दुर्घटनामा परेर उनको दाहिने हात एवं दाहिने छातीमा गम्भीर चोट लागेको थियो । साथै, रक्तश्राव पनि अत्यधिक भएपछि उनलाई राति पौने ११ बजे एलएस न्यूरोमा उपचारको लागि भर्ना गरिएको थियो। त्यसपछि चिकित्सकहरूले उपचार शुरू गरे ।

रगत परीक्षणमा हेमोग्लोबिन चार दशमलव दुई मात्रै रहेको ड्यूटीमा खटेका एलएस न्यूरो अस्पतालका मेडिकल अफिसर डा सञ्जय आलमले बताए । गम्भीर घाइते साहको बिपी थिएन, पल्स मात्रै थियो, सो अवस्थामा परिवारजनले रगत ल्याउन करीब डेढ घण्टा ढिला गरे पनि अस्पतालका चिकित्सकले बचाउने हरेक कोशिश गरेको डा आलमले बताए ।

परिवारजनकै अनुमतिमा शल्यक्रिया गरी उनको स्वास्थ्य अवस्था स्थिर भएपछि करीब पौने ३ बजे नेशनल मेडिकल कलेजमा रेफर गरिएको उनले जानकारी गराए। त्यहाँ लैजाने क्रममा साहको मृत्यु भयो, दाहसंस्कार भयो, आज घटनाको चार दिनपछि बिदाको दिन अस्पतालमा दर्जनौं व्यक्ति आएर तोडफोड गर्नु दुःखद भएको अस्पतालका प्रशासन प्रमुख नन्देश सिंहले बताए । "वार्ता चलिरहेको अवस्थामा अचानक तोडफोड गरे, डा श्यामबाबू पटेलको गाडीमैं आक्रमण गरियो र उनीहरूले गाडीको पिछा पनि गरे, उनी ज्यान जोगाएर भागे," उनले भने, "यो घटनामा हामी कानूनी कारबाहीमा जान्छौं ।"

मृतक साहका फुपाजु पर्ने बारा महागढीमाई–५ का सुनील साहले अस्पतालको चरम लापरवाहीले भदा साहको मृत्यु भएको बताउँदै एलएसका चिकित्सकले शुरूमैं नेशनल मेडिकल कलेजमा रेफर गर्नुपर्ने बताए । मृतक साह अस्पताल भर्ना हुँदा ठीक थिए, केही समयपछि स्वास्थ्य अवस्था बिग्रन थालेपछि आफूहरूले मेडिकल कलेज लगेको र त्यहाँ चिकित्सकले बाटैमा मृत्यु भइसकेको बताएको उनले भने । परिवारजन दाहसंस्कारमा व्यस्त भएको र शुक्रवार उनको उपचारको विषयमा जानकारी लिन आउँदा शनिवार वार्ता गर्ने भनिएकोले आफूहरू आज आएको उनले बताए ।

अस्पतालको सुरक्षार्थ जिल्ला प्रहरी कार्यालय, बाराले थप सुरक्षाकर्मी परिचालन गरेको छ भने सशस्त्र प्रहरी पनि सुरक्षार्थ खटाइएको छ ।

## छोटकरी

### गाँजासहित एकजना पक्राउ

प्रस, पंचगावाँ, १६ भदौ/

प्रहरीले १० किलो ११० ग्राम गाँजासहित एकजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले हिजो राति ११ बजे जगरनाथपुर गाउँपालिका–४ मथुराचोकबाट सोही ठाउँ निवासी ५० वर्षीय चन्द्रिका मुखियालाई गाँजासहित पक्राउ गरेको बताए । इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीको टोलीले मुखियालाई पक्राउ गरेको उनले बताए। २० पोकामा रहेको गाँजा तौल गर्दा १० किलो ११० ग्राम भएको प्रवक्ता गिरीले बताए ।

## विचारसार र सूक्तिहरू

**मौन बस्नु एउटा साधना हो भने थोरै बोल्नु कला हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# चीन भ्रमणमा नेपालका मुद्दा

विचार



एकराज पाठक

**नेपालको उत्तर र दक्षिण दुवैतर्फ विशाल बजार छ । ती बजारमा सानो हिस्सा ओगट्न पाए पनि नेपालको समृद्धिको ढोका खुल्छ । चीनलाई नेपालको बाटो हुँदै दक्षिण एशियाली बजारसम्म जोड्ने पुल हामी बन्न सक्यौं भने यसको लाभ हामीलाई पनि मिल्नेछ ।**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आगामी असोजको पहिलो साता गर्न लागेको चीन भ्रमणमा नेपालले के मुद्दा अघि सार्ने भन्ने विषयमा नेपालमा चासो र चर्चा शुरू भएको छ ।

विश्व अर्थतन्त्रको गणनामा विशेष स्थान हासिल गरिरहेका नेपालको उत्तर र दक्षिणका दुई छिमेकी मुलुकमा नेपालका प्रधानमन्त्री जाँदा चासो र चर्चा हुनु स्वाभाविकै हो ।

चीन नेपालको छिमेकी मात्र नभई नेपालको विकासका धेरै क्षेत्रसँग जोडिएको छ । नेपाल-चीन आर्थिक, सांस्कृतिक एवं ऐतिहासिक सम्बन्ध अहिले झन् महत्त्वका साथ अघि बढेको छ । त्यसैले यतिखेर प्रधानमन्त्री प्रचण्डले गर्ने चीन भ्रमणमा पनि नेपाल र चीनबीचको सम्बन्धको सेतुमा आर्थिक र सांस्कृतिक विषय नै उठ्ने हुन् । नेपालको विकासका लागि चीनले गर्दै आएको सहयोग र पूर्वाधार निर्माणका कुरा यसमा जोडिन्छन् र अहिले त्यसमा बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) परियोजनाको विषय थपिने देखिएको छ ।

यस विषयमा नेपाली जानकारका बीचमा कुराकानी हुनु जरुरी छ र नेपालका कूटनीतिज्ञले नेपाल सरकारलाई सुझाउन आवश्यक छ । नेपालले बिआरआई परियोजनामा हस्ताक्षर गरेको छ वर्ष पुगिसकेको छ । यसअघि प्रधानमन्त्री प्रचण्ड दोस्रोपटक मुलुकको प्रधानमन्त्री भएका बेला सन् २०१७ को मेमा सो परियोजनामा नेपालले हस्ताक्षर गरेको थियो । खासगरी सडक सञ्जाल र अन्य भौतिक पूर्वाधारका विषयलाई प्राथमिकतामा राखेर चिनियाँ वर्तमान राष्ट्रपति सी जिनपिङले सन् २०१३ बाट विश्व परियोजनाका रूपमा चीनले अघि बढाएको यो आयोजनामा नेपालले पनि निकै चासो र चर्चाका साथ हस्ताक्षर गरेको हो ।

यस अन्तर्गत नेपालले यहाँका सडक, पूर्वाधार र अन्य विकास आयोजनाको निर्माणमा सहयोगको अपेक्षा गरेको छ । त्यसैले नेपालले यस अन्तर्गत गर्ने विभिन्न ३५ वटा परियोजनाको सूची प्रस्ताव गरेकामा चीनले नै नौवटामा सहमति जनाएको थियो । सुरुङ तथा रेलमार्ग र अन्य विकास आयोजनालाई ती नौ आयोजनामा राखेर चीनले निर्माणको सहमति जनाएको हो । तर आजका दिनसम्म पनि यस आयोजनाबाट अघि बढाइने भनिएका परियोजनाको अर्थपूर्ण सुरुआत गर्न सकिएको अवस्था छैन । ती परियोजना नेपालमा कुनै न कुनै रूपमा सञ्चालनमा आएका र आउने तयारीमा रहेका भएपनि तिनलाई बिआरआई परियोजनाको 'फ्रेमवर्क'भित्रै राखिएको भने छैन । त्यसैले यस विषयको थप स्पष्टता एवं परियोजनाको कार्यान्वयनका लागि पनि प्रधानमन्त्री प्रचण्डको चीन भ्रमण थप महत्त्वको छ ।

पछिल्ला दशकतिर चीनलाई चियाएर हेर्दा पूर्वाधार निर्माण र विकासको गतिलाई चीनले झन्भन्दा झन् द्रुत बनाएको छ । यो असाधारण उपलब्धिलाई हामीले पनि चीनसँगको बिआरआई सम्झौतासँग जोड्न सक्छौं कि ? अर्थात् बिरआरआई परियोजना कार्यान्वयन गर्न सक्दा हामीले पनि यसैबाट नेपालमा पूर्वाधार निर्माणको लाभ कसरी लिन सक्छौं ? प्रधानमन्त्रीको आसन्न भ्रमणमा बनाउनुपर्ने यो मुख्य मुद्दा हो ।

पछिल्लो समय चीनले गरीबी उन्मूलन कार्यक्रमलाई सशक्तरूपमा अघि बढाएको छ । हुनत विश्व अहिले पनि कोभिड महामारीपछिको अवस्था (पोस्ट कोभिड पिरियड)मा छ तर सन् २०२० को अन्त्यतिरै चीनले करीब ८४ लाख चिनियाँलाई चरम गरीबीबाट माथि उकासेको प्रगति सार्वजनिक गरेको थियो । चीनले देशमा गरीबी निवारणको मुद्दालाई सशक्त कार्यान्वयनमा ल्याएको छ । चिनियाँ राष्ट्रपति जिनपिङले सन् २०१४ मा चीनमा गरीबी निवारणको मुद्दा अघि सारेर त्यसमा लाग्न सबै सरकारी निकाय र तिनका नीति तथा कार्यक्रमलाई निर्देशन दिएका थिए ।

यो तथ्याङ्क अनुसार चीनको गरीबीविरुद्धको लडाइँ विश्वका अरू देशका लागि पनि महत्त्वपूर्ण उदाहरण हुन सक्छ । नेपालजस्ता छिमेकीका लागि त यो एउटा गतिलो सिकाइ हुन सक्छ । किनभने चीनले लिएको यो गरीबी निवारण कार्यक्रमको आधार भनेको कृषि हो । देशमा गरीबी घटाउन र हटाउनका लागि उनीहरूले कृषिमा लगानी बढाएका र महत्त्व दिएका छन् । कोरोना महामारी अघि र त्यसपछि पनि चिनियाँ कृषिउपज र त्यसको निर्यातमा ध्यान दिइएको छ । अन्न उत्पादनको यो अभियानबाट नेपालले केही ग्रहण गर्न सक्दा हामीजस्ता झन्डै कृषिप्रधान देशलाई फाइदा पुग्ने निश्चित छ ।

चीनले आगामी सन् २०३० को दशकलाई खाद्य सुरक्षास्तरमा उक्लिने उद्देश्य लिएको छ । खाद्य सुरक्षाका दृष्टिले विश्वको सुरक्षित देशको सूचीमा दर्ज हुने लक्ष्य चीनको छ । यस कारण पनि उनीहरू खाद्य सुरक्षा नीतिलाई अघि सारेका छन् । चीनको कृषि क्रान्तिबाट नेपालले पनि सिक्नुपर्ने बेला आएको छ । यसका लागि चीनबाट हामीले आर्थिक, प्राविधिक या वैज्ञानिक के तरीका या अनुसरण गर्ने ? परम्परागत कृषि प्रणालीमैं रहिरहेका हामीहरूले यो शताब्दीमा कृषि प्रणालीको चिनियाँ मोडलका लागि के सहयोग लिने ? त्यो तयारी हामीले गर्नुपर्छ ।

नेपालको छिमेकी देश भएकाले नेपाल-चीन सम्बन्धमा समृद्धिको बाटो दुई देशबीचको नाकाको पनि हो । अहिले तातोपानी र केरुङ नाकाबाट आवतजावत भइरहेको छ । भूकम्पपछि स्थगित तातोपानी नाका आजका दिनसम्म आइपुग्दा बल्ल पूर्णरूपमा सक्रिय भएको छ । विसं २०७२ को भूकम्पपछि नेपाल-चीनबीचको सो नाका पूर्णरूपमा बन्द भयो । त्यसको केहीपछि मात्र सीमितरूपमा सञ्चालन भएको नाका विसं २०७६ फागुनमा विश्वव्यापीरूपमा कोरोना महामारी फैलिएपछि पुनः बन्द भएको थियो ।

यो नाका २०८० वैशाख १८ बाट दोहोरो आयात निर्यात खुलाइएको थियो । नाका बन्द भएको करीब आठ वर्षपछि शुक्रवारबाट मानिस पनि आवतजावत गर्न थालेका छन् । अब यो नाकाबाट दुवैतर्फ आगमनमा सहज हुनेछ । यसरी तातोपानी र केरुङ मात्र अहिलेको अवस्थामा हेर्दा तुलनात्मकरूपमा सक्रिय रहेकामा यी नाकाको सञ्चालनमा स्थायित्व प्रदान गर्दै अरू पनि केही नाका खुलाउनेतर्फ नेपाली पक्षको पहल हाम्रालागि समृद्धिको आधार नै बन्नेछ ।

सन् २०१६ मा नेपाल र चीनबीच पारवहन सम्झौतासमेत भएको भयो । यो सम्झौतालाई चीनको भूमि भएरै नेपाल तेस्रो मुलुकमा प्रवेश गर्न सक्ने भनेर व्याख्या पनि गरिएको थियो । यो सम्झौताको प्रयोग व्यावसायिक वा व्यापारिक प्रयोजनमा हुन सकिरहेको छैन । आजसम्म सम्झौतामैं सीमित यो सम्झौताबाट नेपालले लाभ लिन सक्ला त ? यसतर्फ पनि प्रधानमन्त्रीको आसन्न चीन भ्रमणले सोच्नुपर्ने देखिन्छ ।

चीनसँग नेपालको व्यापार घाटा बढ्दै छ । गत आर्थिक वर्ष २०७९/८० मा नेपालले चीनबाट रु दुई खर्ब २२ अर्ब ७१ करोडको आयात गरेको छ तर निर्यातको मात्रा भने भने टीठलाग्दो स्वरूपमा अर्थात् रु एक अर्ब ७६ करोड मात्रै छ । संसारका उदीयमान शक्ति राष्ट्र भारत र चीनसँगै नेपालको व्यापार घाटा बढेको छ । तर हाम्रै छिमेकीको समृद्धिको समुद्रबाट हामीले कति पानी उभाउन सक्छौं ? यसबारेमा हामीले अब सोच्नुपर्छ । त्यसैले हामीले पनि व्यापार घाटा कम गर्ने उपाय खोज्ने काममा देशको राज्य संयन्त्रले प्रधानमन्त्रीलाई सुझाउनु आवश्यक छ ।

उता उत्तरी छिमेकीले कृषिउपजकै सहायता लिएर देशमा गरीबी घटाउने योजना सफल बनाउँदैछ तर यता हाम्रो कृषि उत्पादनको धरातल दिन प्रतिदिन भत्किंदैछ । हामी खाद्यान्नकै लागि पनि परनिर्भर हुँदै गएका छौं । त्यसैले पनि अब हाम्रो परम्परागत कृषि उत्पादनले हामीलाई थेग्न सक्ने अवस्था छैन । यसका लागि अब हामीले कृषि प्रणाली अत्याधुनिक र उत्पादकत्वमा मात्र आधारित बनाउनुपर्ने आवश्यकता छ । चिनियाँबाट उत्पादन प्रणालीको सहायताका लागि हामीले प्रस्ताव गर्नुपर्छ ।

पर्यटन छिमेकीसँग जोडिएको नेपालको अर्को महत्त्वपूर्ण चासो हो । उत्तर र दक्षिण छिमेकीको जनसङ्ख्या साढे दुई अर्बभन्दा बढी छ तर हामी भने केही लाख पर्यटक खोज्न कताकता भौंतारिने गरेका छौं । यहींबाट वर्षमा ५० लाख जति पर्यटक ल्याउन सक्दा हाम्रो समृद्धिको यात्रा धेरै छोटिनेछ । सबैलाई यो थाहा त छ तर गर्ने कसरी ? यस्तै अन्योलले नै हाम्रो मुलुकका पर्यटनका सबै सम्भावना दिन प्रतिदिन खेर गइरहेका छन् ।

यता चिनियाँ सहयोग तथा संलग्नतामा पोखरा र लुम्बिनीमा अन्तर्राष्ट्रिय विमानस्थल तयार छन् । हामीले त्यहाँबाट बाह्य मुलुकमा जहाज उडाउन सकेका छैनौं । यसका लागि पनि हाम्रा कूटनीतिक पहल अबका दिनमा थप दरिला हुनु आवश्यक छ । चीनको अधिकांश जनसङ्ख्या लुम्बिनी आउन इच्छुक छ, यता विमानस्थल तयार पनि छ । ती विमानस्थलबाट जहाज उडाएर विश्वका बौद्धमार्गीसमक्ष यो खुशीको खबर पुऱ्याउन सकिएको छैन । न त यो खुशीको सञ्चार देशभित्रै देशव्यापी हुन सकेको छ । यसका लागि पनि सरकारको दरिलो कूटनीति आवश्यक छ र त्यसको सुरुआत आसन्न चीन भ्रमणबाट हुन सक्छ । त्यसैले प्रधानमन्त्रीको चीन भ्रमणमा पर्यटन पनि एक अत्यावश्यक मुद्दा बन्नुपर्छ ।

विश्वको लोकप्रिय लुम्बिनी र नेपालमा आएका पर्यटकमध्ये कम्तीमा पनि ४० प्रतिशत पुग्ने पोखराजस्तो पर्यटकीय गन्तव्यलाई यी दुई विमानस्थलमार्फत संसारसँग कसरी जोड्न सकिएला ? यस विषयको आवश्यकता थाल्न अब ढिला भइसक्यो ।

नेपालको समृद्धि पर्यटन र बिजुली व्यापारमैं छ । यसका लागि चिनियाँ लगानीकर्तालाई कागजी नीतिमा मात्र नभएर वास्तवमैं र व्यावहारिकरूपमैं आकर्षित गर्नु आवश्यक छ ।

नेपालको उत्तर र दक्षिण दुवैतर्फ विशाल बजार छ । ती बजारमा सानो हिस्सा ओगट्न पाए पनि नेपालको समृद्धिको ढोका खुल्छ । चीनलाई नेपालको बाटो हुँदै दक्षिण एशियाली बजारसम्म जोड्ने पुल हामी बन्न सक्यौं भने यसको लाभ हामीलाई पनि मिल्नेछ । चीनसँग नेपालले पाएका सुविधाको प्रयोगमा पनि यो भ्रमण केन्द्रित हुनु जरुरी छ । हामीले पाएका शून्य भन्सार सुविधाबमोजिमका वस्तुको आदानप्रदान हुन सकेको छैन । भन्सार सुविधा लिन नसक्नुका वाधा अड्चनबारे पनि अहिले नै छलफल हुनु जरुरी छ । यसका साथै चीनले छिमेकीका नाताले हालै नेपालको पुरानै नक्शा सार्वजनिक गरेकोले यस विषयमा पनि प्रधानमन्त्री प्रचण्डको आसन्न भ्रमणमा स्पष्ट कुरा हुनु जरुरी छ । सीमा या अन्य यस्तै द्विपक्षीय कूटनीतिक विषय फैलिन नपाउँदै वार्ताको टेबलमा ल्याएर स्पष्ट गर्न सकिएन भने पछि अर्थपूर्ण नरहन पनि सक्छ । त्यसैले नेपालको कूटनीतिक संयन्त्र अहिले नै यसतर्फ सजग हुनु जरुरी छ । रासस

# अन्तर्जगतको यात्रा हो अध्यात्म

ईश्वर को हो, कहाँ छ, कस्तो छ, ईश्वरलाई कहाँ खोजूँ-म देवालय पुगेर आएँ, तीर्थ पनि घुमिसकें तर पनि मलाई आत्म-उपलब्धि हुन सकेन; मलाई परमात्माको अनुभूति हुन सकेन; मलाई आत्मसाक्षात्कार हुन सकेन -आखिर किन ?

शास्त्रहरूमा त तीर्थयात्रा, तीर्थदर्शन, देवदर्शन आदिको ठूलो महिमा गाइएको छ, पूजाको, प्रार्थनाको बडो महिमा गाइएको छ । मैले यी सारा धार्मिक कृत्य गरें तर पनि आजसम्म मलाई आत्मोपलब्धि हुन सकेन- आखिर किन ?

यी सारा सहज र स्वाभाविक प्रश्न हुन्, जुन मनमा प्रायः उठ्ने गर्दछन् । आखिर हामीबाट भूल कहाँ र कसरी भइरहेको छ ? साँच्ची नै यस जीवनको मुख्य लक्ष्य नै मुक्ति र आनन्द पाउनु हो र यसै लक्ष्य प्राप्तिका लागि हामी धर्मको, अध्यात्मको मार्गमा हिंड्दछौं ।

यस्तो लाग्दछ कि हामी हिंड्ने तरीकामा नै अवश्य कुनै खोट छ, केही कमी छ, जसका कारण हामी त्यस मार्गमा हिंड्दै गर्दा पनि लक्ष्यसम्म पुग्न सकिरहेका छैनौं । यात्राको अन्तिम बिसौनी मोक्ष, मुक्ति र आनन्दसम्म पुग्न सकिरहेका छैनौं । वास्तवमा बाटो हिंडिरहेको देखिनु मात्र त्यस बाटोमा हिंडिरहेको होइन ।

यस सन्दर्भमा एउटा रोचक कथा छ-एकपटक एउटा नाउमा रातिका बखत केही मानिस सवार भए । तीमध्ये एकजनाले रातभरि नाउ चलाइराख्यो । चप्पु चलाइरह्यो । पूरा राति नाउ चलाउँदै बित्यो । बिहानी भयो । सूर्यको लालिमा प्रकट भयो ।

त्यसै बेला उनीहरू सबैको दृष्टि त्यस स्थानमा पुग्यो, जहाँ उनीहरू रातभरि नाउ चलाएर पुगेका थिए । आश्चर्य ! घोर आश्चर्य ! उनीहरू अहिले पनि त्यहीं थिए, जहाँबाट यात्रा आरम्भ गरेका थिए । यस्तो भयो कसरी ? वास्तवमा नाउ त समुद्र किनारमा ठोकिएको एउटा स्तम्भमा डोरीले बाँधिएको थियो ।

रातको अँध्यारोमा उनीहरूले नाउ डोरीले बाँधिएको पत्तै पाएनन् । उनीहरू नशामा धुत रातभरि पतवार चलाइरहे । तर नाउ त डोरीले बाँधिएको थियो, जति लामो डोरी थियो, त्योभन्दा टाढा जानै सकेन । यदि उनीहरूले राति नै त्यो डोरी खोलेको भए रातारात कहाँबाट कहाँ पुगिसक्ने थिए । शायद आफ्नो लक्ष्यसम्म पनि पुगिसकेका हुन्थे ।

हाम्रो यात्रा पनि केही यस्तै छ । हामी धर्मको मार्गमा, अध्यात्मको मार्गमा वर्षौंदेखि हिंडिरहेका देखिन्छौं, तर पुग्न कहीं पनि सकिरहेका छैनौं, यस्तो किन ? किनकि हामी पनि बाँधिएका छौं-कुनै बन्धनले, कुनै आसक्तिले, कुनै डोरीले ।

दुर्भाग्य के छ भने हामी आसक्तिले बाँधिएरै मुक्तिको आनन्द पाउन चाहन्छौं । हामी बाँधिएकै रहेर यात्रा पूरा गर्न चाहन्छौं । हामी यात्रा त गरिरहेका छौं, तर बाहिर-बाहिरबाट । हामीले यात्रा बाहिरको होइन, भित्रको गर्नुपर्छ । हामीले अन्तर्जगतको यात्रा गर्नुपर्छ ।

हामीले बाहिर कसैको अनुकरण गर्नुछैन । हामीले बाहिर कसैको अनुगमन गर्नुछैन । बाहिरका सबै बाटाले हामीलाई संसारतिर तान्छन् । अस्तु हामीले आफ्नै आत्माको अनुसरण गर्नुछ, अनुगमन गर्नुछ । हामी ईश्वरलाई, परमात्मालाई बाहिर खोजिरह्यौं, तर परमात्मा त हाम्रोभित्र विद्यमान छ ।

**हामीले मन्दिरको सींढी चढ्ने-उत्रने त गऱ्यौं, तर कहिले आफूभित्र हिंड्ने कोशिश गरेनौं । आफूभित्र ईश्वरलाई खोज्ने, चियाउने कहिले कोशिश गरेनौं, जबकि त्यही गर्नु नै अन्तर्जगतको यात्रा हो ।**

हाम्रो आत्मा नै त शुद्ध-परिशुद्ध, पुनीत र पावन भएर परमात्मा बन्दछ, तर हामी त आफूलाई देहमात्र ठान्दै रह्यौं, शरीरमात्र मान्दै रह्यौं । यस शरीरमा यस्तो के छ कि यसलाई परमात्मा मानौं ? हाडमासुको शरीर हो र त्यो पनि शीघ्र मेटिनेवाला छ ।

हाम्रो मन पनि चञ्चल छ र त्यस मनमा पनि परमात्माजस्तो केही छैन । वस्तुतः शरीर त हाम्रो आत्माको आवरण मात्र हो । शरीर आत्माको वस्त्र मात्र हो । शरीर र मनभन्दा पर गएपछि मात्र हामीलाई आत्माको दर्शन हुन्छ ।

जसरी एउटा सानो बीजमा विराट वटवृक्ष समाहित हुन्छ; त्यस्तै शरीररूपी पिण्डमा स्थित आत्मामा नै त्यो परमात्मारूपी बीज अहिले सुषुप्तावस्थामा छ । त्यसैले हामीलाई त्यसको पहिचान भइरहेको छैन, हामीले त्यसको दर्शन पाइरहेका छैनौं । हामी त्यसको अनुभव गर्न पाइरहेका छैनौं ।

शास्त्रीय सन्दर्भको यदि कसैलाई स्मरण छ, महापुरुषहरूद्वारा प्रदत्त सूत्र-सङ्केतहरू पनि कसैले स्मरणमा राखेको छ भने उसले यस कुराको स्पष्टताका साथ अनुभव गर्न सक्छ कि ईश्वर हाम्रै आत्मामा बीजरूपमा सुप्त छ, प्रसुप्त छ । यदि हामी कामना, वासना र आसक्तिको बन्धन तोडिदिन्छौं भने हाम्रो यात्रा स्वतः त्यस लक्षित दिशातिर अघि बढ्छ । हामीले मन्दिरको सींढी चढ्ने-उत्रने त गऱ्यौं, तर कहिले आफूभित्र हिंड्ने कोशिश गरेनौं । आफूभित्र ईश्वरलाई खोज्ने, चियाउने कहिले कोशिश गरेनौं, जबकि त्यही गर्नु नै अन्तर्जगतको यात्रा हो ।

हामी अहिलेसम्म धर्मको नाममा, अध्यात्मको नाममा केही चिह्नपूजा, कर्मकाण्ड अवश्य गरिरह्यौं, तर संसारसँग पनि बाँधिइरह्यौं, आसक्तिबाट पनि बाँधिइरह्यौं, दुर्गुणहरूसँग पनि बाँधिइरह्यौं । स्वयंलाई हामीले यिनै दुर्गुणहरूको माध्यमले संसारसँग पनि बाँधिराख्यौं । त्यसैले देवालयमा गएर पनि, तीर्थहरूमा गएर पनि, धार्मिक कर्मकाण्ड गर्दै रहेर पनि केही गरेनौं, कहीं हिंडेनौं । मात्र बाहिरबाहिर हिंडिरह्यौं ।

अन्तर्जगतको यस यात्रामा महावीर हिंडे, गौतम बुद्ध हिंडे, आचार्य शङ्कर पनि हिंडे, गुरु नानक पनि हिंडे, मीरा, तुलसी, कबीर पनि हिंडे । सूर र रैदास पनि हिंडे तर कसैसँग बाँधिएर हिंडेनन् । उनीहरू संसारलाई आफूभित्र लुकाएर होइन, अपितु संसारलाई आफूभित्रबाट मेटेर, बिर्सेर, आसक्तिका सम्पूर्ण बन्धनहरू चुँडालेर हिंडे । त्यसैले उनीहरू तीर्थहरूमा सशरीर भ्रमण गरिरहेको देखिएर पनि आफैंभित्र हिंडिरहे र उनको आफ्नै भित्रबाट, उनकै आत्माबाट परमात्मा प्रकट भए ।

यही कारण हो कि परमात्माको परम आलोक उनको आत्मामा अवतरित भयो । त्यसैले त उनीहरू जहाँ भए पनि, जस्तो भए पनि, आनन्दले भरिएर, मस्तीमा डुबुल्की मारिरहे । आसक्तिको बन्धनबाट मुक्त रहे । सबैलाई आनन्दित पारिरहे । उनीहरू स्वयं सत्-चित्-आनन्द बने ।

उनीहरू स्वयं करुणा, प्रेम, क्षमा, सेवा, संवेदनाका उर्लिरहेको सागर बने । उनीहरू स्वयं बुद्ध भए, उनीहरू स्वयं मुक्त भए । त्यसैले श्रुति भन्दछन्, शास्त्र भन्दछन्-परमात्मा कहीं अन्त विराजमान छैन, त्यो त प्रत्येक जीवात्माको भित्र बीजरूपमा विराजमान छ । ऊ त प्रत्येक चैतन्यको भित्र सुषुप्त शक्ति हो, जसलाई जाग्रत गर्नुपर्छ, उठाउनुपर्छ । जप, तप, ध्यान तिनैलाई उठाउनका लागि त हो, जुन हामीभित्र सुतिरहेको छ ।

जप, तप, ध्यानको अहर्निश अभ्यासले नै हामी आसक्तिको बन्धनबाट, संसारको बन्धनबाट, मुक्त भएर शीघ्रतापूर्वक, तीव्रतापूर्वक आफ्नो आत्मसाम्राज्यमा प्रवेश गर्न सक्छौं । हामी आफूभित्र उत्रन सक्छौं । ध्यानको निरन्तर अभ्यासले आफ्नो अचेतन मनको परिष्कार गर्दै मनको पारि पुग्न सक्छौं र आफूभित्र परमात्मालाई प्रकट गर्न सक्छौं ।

यदि हामीले यस्तो गर्न सक्यौं भने मात्र हामी अन्तर्जगतको आफ्नो यात्रा पूरा गर्न सक्छौं, अनि त हामी बाहिर पनि, भित्र पनि परमात्माको दर्शन गर्न सक्छौं । अनि हामी देहमा भएर पनि विदेह बन्न सक्छौं । कर्म गर्दागर्दै निष्काम बन्न सक्छौं । बाहिर हिंड्दाहिंड्दै भित्र पनि हिंड्न सक्छौं । सर्वत्र परमात्मा नै परमात्माको दर्शन हुन सक्छ ।

त्यस स्थितिमा देवालयमा, तीर्थमा, मन्दिरमा, गिरजाघरमा, सूर्य, चन्द्र, तारामा, खुला अन्तरिक्ष आकाशमा, सागरका उर्लिंदा लहरहरूमा, गङ्गाको तरङ्गहरूमा, हिमायलको धवल, श्यामल चुचुराहरूमा, लहराइरहेका-फुर्किरहेका-पुष्पित, पुष्प-वनस्पतिहरूमा, पर्वतमालाहरूमा, नरनारी, दीन-दुःखीमा, सर्वत्र परमात्मा नै परमात्माको दर्शन हुन सक्छ । अन्तरिक्ष र आकाशको पनि हामीलाई आफैंभित्र दर्शन हुन सक्छ, दिग्दर्शन हुन सक्छ । अनि त आफ्नो शरीररूपी पिण्डमा नै हामीलाई ब्रह्माण्डको दर्शन हुन सक्छ ।

अनि त हामी स्वयं नै सत्-चित्-आनन्द बन्न सक्छौं । हामी स्वयं नै करुणा, प्रेम, संवेदनाको उर्लिंदो सागर बन्न सक्छौं । अनि हामी स्वयं भन्न सक्छौं-ईश्वर सत्-चित्-आनन्दस्वरूप छ । ईश्वर करुणा, प्रेमको उर्लंदो सागर हो । ईश्वर यत्र-तत्र-सर्वत्र छ । यो पूरा ब्रह्माण्ड नै ईश्वरको रूप हो । ईश्वर ब्रह्माण्डको कण-कणमा व्याप्त छ, संव्याप्त छ । त्यसलाई आफूभित्र प्राप्त गर्न सक्नु नै अध्यात्म हो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## जोहानेसबर्ग आगलागी : १२ बालबालिकासहित ६७ जना जले


तस्वीरः एपी

जोहानेसबर्ग, १६ भदौ/एपी

दक्षिण अफ्रिकाको जोहानेसबर्गको मध्यभागमा अवस्थित एउटा पाँच तले भवनमा आगो लाग्दा ७५ जनाभन्दा बढीको जलेर ज्यान गएको छ भने अन्य ८८ जना घाइते भएका छन्।

शुक्रवार दुईजना घाइतेको उपचारका क्रममा अस्पतालमा मृत्यु भएसँगै ज्यान गुमाउनेको सङ्ख्या ७६ पुगेको हो।

स्वास्थ्यमन्त्री जो पहालाका अनुसार ६२ जनाको शरीर पहिचान गर्न नसकिने गरी जलेकोले डिएनए परीक्षणका निम्ति सम्बद्ध निकायलाई निर्देशन दिइएको पत्रकारहरूलाई बताएका छन्।

स्थानीय सञ्चारमाध्यमका अनुसार २० जना विदेशी नागरिकको पनि मृत्यु भएको छ। कामको खोजीमा दक्षिण अफ्रिका आएका मलावी र तान्जानियाका आप्रवासीको मृत्यु भएको जनाइएको छ। प्रिटोरियास्थित तान्जानियाको उच्चायुक्तको कार्यालयले आफ्नो देशका पाँचजनाको जलेर ज्यान गएको पुष्टि गरेको छ।

केही वर्ष अघिसम्म शहरको प्रमुख आर्थिक एवं व्यापारिक केन्द्रमा रहेको उक्त भवनमा घरबारविहीन स्थानीय जबरजस्ती बसेका बताइएको छ। सरकारी स्वामित्वको उक्त भवनमा सन् २०१९ देखि समस्या देखिएको सरकारी अधिकारीहरूले स्वीकार गरेका छन्। घरबारविहीन व्यक्ति कुनै औपचारिक भाडा सम्झौताविना उक्त भवनमा बसेका थिए।

दक्षिण अफ्रिकाको संसद्ले घटनाको अनुसन्धान गर्न निर्देशन दिएको छ। प्रहरीले पनि आपराधिक मुद्दा दर्ताको तयारी गरेको छ। यद्यपि कुन निकायलाई विपक्षी बनाइयो भन्नेबारे स्पष्ट भएको छैन।

बिहीवार घटनास्थलको भ्रमण गरेका दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले उक्त दुर्घटना आंशिकरूपमा भवन कब्जा गर्ने र घरबारविहीनलाई त्यहाँ बस्न अनुमति दिने आपराधिक तत्त्वका कारण भएको बताएका छन्। उनले महानगरको आवास समस्या सम्बोधन गर्न जोड दिंदै राष्ट्रिय एवं स्थानीय सरकारलाई संवदेनशील हुन आग्रह गरेका छन्।

जोहानेसबर्गको आवास सङ्कट समाधान गर्न सरकार गम्भीर नभएको आरोप लगाउँदै जोहानेसबर्गका पूर्वप्रमुख हर्मन मशाबाले राष्ट्रपति रामाफोसाको आलोचना गरेका छन्। राष्ट्रपतिले यो घटनालाई दुःखदायी भनेर मात्र नपुग्ने भन्दै २५ वर्षदेखि शहरले भोगेको समस्या रातारात सृजना भएझैं प्रस्तुत हुनु आपत्तिजनक भएको उनले बताएका छन्।

दक्षिण अफ्रिकामा घरवारविहीनहरू विविध कारणले बिग्रे–भत्केका तथा राज्यले परित्याग गरेका भवनमा बलपूर्वक बस्ने गरेका छन्। त्यस्ता घर 'कब्जा गरिएका भवन'का रूपमा चिनिन्छन्। रासस

## जेलमा रहेका खानलाई वकीलसँग भेट्न दिइएन

अट्टक (पाकिस्तान), १६ भदौ/एएनआई

पाकिस्तान तहरीक–ए–इन्साफ (पिटिआई)का प्रमुख इमरान खानका वकीलहरूलाई प्रहरीले उनलाई अट्टक जेलमा भेट्न अनुमति नदिएको एआरवाई न्यूजले जनाएको छ। पिटिआईका अनुसार वकील शिराज अहमद रान्झा र गोहर अलीलाई प्रहरीले नेता खानलाई भेट्नबाट रोकेको हो।

कानून व्यवसायी गोहर अलीले पत्रकारहरूलाई जानकारी दिए अनुसार अदालतको आदेशको बावजूद पूर्वप्रधानमन्त्रीसँग भेट गर्न नदिइएको हो। अदालतले नेता खान र उनका छोराहरूबीच टेलिफोनमा कुराकानी गर्न दिएको अनुमतिको पनि जेलका अधिकारीहरूले अवज्ञा गरेका उनले बताएका छन्। इस्लामाबाद उच्च अदालतले मङ्गलवार नेता खानलाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो तर गोप्य सरकारी दस्तावेज सार्वजनिक गरेको अभियोगमा उनलाई जेलबाट मुक्त गर्नुअगावै न्यायिक हिरासतमा राख्न विशेष अदालतले आदेश दिएको थियो।

पाकिस्तानका सबैभन्दा लोकप्रिय नेता खान गत वर्ष सत्ताबाट हटेदेखि धेरै



कानूनी झमेलामा फसेका छन्। उनीविरुद्ध दुई सयवटा मुद्दा लगाइएका छन्। नेता खानले आफूलाई आगामी चुनावमा लड्नबाट रोक्न गरिएको षडयन्त्रअनुरूप ती मुद्दा लगाइएको दाबी गरेका छन्। रासस

## महाकान्टो भूकम्पमा गुमाएकाको सम्झना

टोकियो, १६ भदौ/सिन्हवा

जापानमा सन् १९२३ मा भएको महाकान्टो भूकम्पमा ज्यान गुमाउनेहरूको सम्झना टोकियोमा स्मृतिसभा आयोजना गरिएको छ।

सेप्टेम्बर १, १९२३ मा कान्टो क्षेत्रमा ७.९ म्याग्निच्युडको भूकम्प जाँदा १,४० हजारभन्दा बढीको मृत्यु भएको थियो। भूकम्पपछि भएको हिंसामा छ हजारभन्दा बढी कोरियाली र ७५० चिनियाँ मारिएका थिए।

चीन र दक्षिण कोरियालीले जापानी सैन्यवादीहरूले हिंसा साम्य पार्ने बहानामा आफ्ना नागरिकको निर्ममतापूर्वक हत्या गरेको आरोप लगाउँदै आएका छन्।

स्मृतिसभामा पीडित परिवारका प्रतिनिधिले जापान सरकारलाई माफी माग्न तथा क्षतिपूर्ति दिन माग गरेका थिए।

सभामा जापानस्थित दक्षिण कोरियाली र चिनियाँ दूतावासका प्रतिनिधिले इतिहासको त्यो कालो दिन बिर्सन नसकिने बताउँदै जापानी समाजले पनि आफ्ना शासकहरूबाट भएको जघन्य घटनामा विचार गर्नुपर्ने धारणा व्यक्त गरेका थिए। स्मृतिसभामा जापान सरकारका प्रतिनिधिको पनि उपस्थिति थियो। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – अलमल | वृष – धनलाभ |
| मिथुन – सफलता | कर्कट – रोगभय |
| सिंह – रोगभय | कन्या – व्यापारवृद्धि |
| तुला – कडापरिश्रम | वृश्चिक – सुसमाचार |
| धनु – भयचिन्ता | मकर – मित्रमिलन |
| कुम्भ – अतिथिआगमन | मीन – सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे




## अभिनेत्री दिव्या दत्ताले सुनाइन् 'चलचित्र यात्रा'

ललितपुर, १६ भदौ/रासस

त्रिदिवसीय साहित्य महोत्सव 'काठमाडौं–कलिङ साहित्य महोत्सव'मा सहभागी हुन् नेपाल आएकी भारतीय अभिनेत्री तथा लेखक दिव्या दत्ताले आफ्नो चलचित्र यात्राबारे चर्चा गरिन्। बलिउडमा तीन दशक बिताइसकेकी अभिनेत्री दत्ताले नेपाली चलचित्र 'वसन्ती' र 'माया नमार'मा काम गरेकी छन्।


ललितपुरमा भइरहेको त्रिदिवसीय 'काठमाडौं–कलिङ साहित्य महोत्सव'मा भलाकुसारी गर्दै अभिनेत्रीद्वय मनीषा कोइराला र दिव्या दत्ता। तस्वीरः रासस

लेखक सुमित शर्मासँगको 'दिव्या दत्ताको चलचित्र यात्रा' सत्रमा उनले नेपाली भाषा सुन्दर लाग्ने प्रतिक्रिया दिइन्। "म नेपाली भाषा छिट्टै सिकिरहेकी छु, मलाई यहाँ घरभन्दा बाहिर आए जस्तो महसूस भएकै छैन," उनले भनिन्। 'भाग मिल्खा भाग', 'वीरजारा', 'दिल्ली–६', 'ब्ल्याकमेल', 'जिप्पी', 'बदलापुर' लगायतका चलचित्रमा काम गरेकी अभिनेत्री दत्ताले बाल्यकालमा भारतीय अभिनेता अमिताभ बच्चनबाट प्रभावित भएको बताइन्।

आमाबुबा चिकित्सक भएकाले उनलाई बाल्यकालमा सोही पेशामा आबद्ध हुन्छु भन्ने लागेको थियो। पढाइ राम्रो भएकाले विज्ञान पढ्ने दबाब हुँदा पनि उनले अङ्ग्रेजी साहित्य, मनोविज्ञान, दर्शन पढ्ने इच्छा गरिन्।

"मेरो बुबा म सानै छँदा बित्नुभयो, त्यसैले आमालाई मनका कुरा भन्न सहज भएपनि भन्न सक्थिनँ," अभिनेत्री दत्ताले भनिन्। उनले 'ट्यालेन्ट हन्ट'को सहभागिताका लागि निवेदन दिंदा चाहिने तस्बिर खिच्न भाइको सहारा लिइन्। त्यहाँ छनोट भएपछि भाइसँगै आमालाई आफ्नो सपनाबारे परिचित गराइन्।

"मैले र भाइले आँट गरेर आमालाई भनेका थियौं। उहाँसँग हामीलाई डर लाग्थ्यो, आमाले मलाई सपनाको उडान भर्ने सहमति दिनुभयो, यद्यपि मेरो अध्ययनलाई असर नपुग्नेगरी," उनले भनिन्। यहींबाट बलिउड यात्रा प्रारम्भ गरेको अभिनेत्री दत्ताले अभिनेत्री मनीषा कोइरालाका कारण काम पाइन्। उनको अनुहार मिल्दोजुल्दो देखिएपछि उस्तै खोजीका साथ आउने निर्माताले काम दिन थाले। यसको उदाहरण 'अग्निसाक्षी' हो।

"मलाई अन्य अभिनेत्रीको छाया बन्नु थिएन, तर त्यसपछि काम गरेको केही चलचित्रमा मुख्य अभिनेत्रीको साथीको भूमिका पाएँ, सुरुआतमा काम देखाउँछु भन्ने लागे पनि पछि गन्तव्य देखिनँ," अभिनेत्री दत्ताले भनिन्।

'वीरजारा' जस्तो चलचित्रमा काम गरेर पनि आफूलाई परिचित गराउन असहज देखेपछि उनको यात्रा रोकिने अवस्थामा पुग्यो। सोही समयमा आमाले पाएको भूमिकालाई निर्वाह गरेर सङ्घर्ष गर्न सुझाएको अभिनेत्री दत्ताले सम्झिइन्। "आमाले चलचित्रमा निरन्तर काम गर्न दिएको सुझाव मानेर काम गरें, त्यही क्रममा मैले 'दिल्ली–६', 'भाग मिल्खा भाग' जस्ता चलचित्रमार्फत आफूलाई प्रमाणित गरें," उनले भनिन्, "अहिले वेब शृङ्खलासँगै चरित्रप्रधान चलचित्र बन्ने गरेका छन्, अहिले सङ्घर्ष गर्न पहिलेभन्दा सजिलो छ।"

सफल अभिनेत्री बन्दै गर्दा उनले लेखनमा समेत आफूलाई अगाडि ल्याइन्। पहिलो पुस्तक 'मि एन्ड माँ'भित्र उनले आमासँगको सम्बन्धलाई शब्दमार्फत व्याख्या गरिन्। उनले काम र यात्रालाई सुन्दर बनाइदिने मानिसलाई लक्षित गर्दै दोस्रो पुस्तक 'द स्टार्स इन माई स्काई' तयार गरिन्। उनलाई आफ्नो शब्दको शक्ति महसूस भने पहिलो पुस्तकबाटै भएको थियो।

"मलाई एक दिन चण्डीगढको विमानस्थलमा एक महिलाले बोलाइन्, मैले अभिनयको कुरा होला भन्ने ठानेको थिएँ, तर उनले तपाईंको आमासँगको सम्बन्धको किताब पढें, त्यसले मलाई आमालाई हेर्ने दृष्टिकोणमैं परिवर्तन ल्यायो भनिन्, त्यसपछि मैले पुस्तकको महत्त्व बुझें," उनले भनिन्।

यसरी आफूलाई अभिनेत्रीसँगै साहित्य क्षेत्रमा समेत परिचित गराउन सफल अभिनेत्री दत्ताले केही समययता 'ओभर दी टप' (ओटिटी) का लागि निर्माण हुने चलचित्र तथा शृङ्खलामा काम गरिरहेकी छन्।

"एउटा कलाकारका लागि महत्त्वपूर्ण कुरा हो धैर्य, लगाव र निरन्तरता, यी तीनै चीज भएपछि मात्र कलाकारितामा टिकिरहन सकिन्छ, यो क्षेत्र निकै अनिश्चित छ, भोलि के हुन्छ, कसैलाई थाहा हुन्न, सायद भोलि केही नहुन पनि सक्छ, तर आफ्नो मनलाई जे कुराले खुशी बनाउँछ, त्यो काम भने गर्न छाड्नुहुन्न," अभिनेत्री दत्ताले भनिन्। उनी तीन दिने महोत्सव अन्तर्गत विभिन्न सत्रमा सहभागी भएर विविध पाटोमा छलफल गरिरहेकी छन्।

यशस्वी प्रज्ञा प्रतिष्ठान नेपाल र कलिङ साहित्य महोत्सव (केएलएफ) भारतको संयुक्त आयोजनामा शुक्रवार शुरू भएको महोत्सव आइतवारसम्म सञ्चालन हुनेछ।

## हवाई सेवा सञ्चालनको नयाँ मापदण्ड तयार

काठमाडौं, १६ भदौ/रासस

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले हवाई सेवा सञ्चालन 'सर्टिफिकेट गाइडलाइन्स'को दशौं संशोधन गर्दै नयाँ मापदण्ड तयार गरेको छ।

तयार पारिएको नयाँ मापदण्ड अनुसार वायुसेवा सञ्चालन गर्न इच्छुक नयाँ कम्पनीसँग अब न्यूनतम तीनवटा जहाज अनिवार्य हुनुपर्ने नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का प्रवक्ता जगन्नाथ निरौलाले जानकारी दिए। उनका अनुसार सबै वायुसेवा कम्पनीले पाँच वर्षभित्र जहाजको सङ्ख्या न्यूनतम पाँचवटा पुऱ्याउनुपर्नेछ भने यसो गर्न नसक्ने कम्पनी मर्जरमा गए पनि मान्य हुने प्राधिकरणको नीति छ।

वायुसेवा सञ्चालन गरिरहेका कम्पनीलाई थप जवाफदेही बनाउनुका साथै नयाँ आउने कम्पनीलाई पनि सेवा, शर्त पालना गराउनु प्राधिकरणको उद्देश्य रहेको जनाइएको छ। वायुसेवा कम्पनीका अध्यक्ष, शेयर लगानीकर्ता, कार्यकारी निर्देशक र जिम्मेवार प्राप्त म्यानेजर तथा पोस्ट होल्डरले प्राधिकरण तथा नेपाल सरकारका नीति तथा कार्यविपरीतका क्रियाकलाप सञ्चालन गर्न एवं सो सम्बन्धमा आफ्ना धारणा सार्वजनिकरूपमा व्यक्त गर्न नहुने जनाइएको छ।

यसैगरी, वायुसेवा कम्पनीका जिम्मेवार म्यानेजर तथा पदमा बसेकाले कम्पनीसँग प्रत्यक्ष वा अप्रत्यक्षरूपमा स्वार्थ बाझिने प्रवृत्तिका गतिविधि एवं व्यावसायिक कार्य (जस्तै टुर एन्ड ट्राभल्स) आदिमा संलग्न हुन नपाउने, वायुसेवा कम्पनीका अध्यक्ष, शेयर लगानीकर्ता, कार्यकारी निर्देशक तथा जिम्मेवार म्यानेजरले प्राधिकरणले दिने पाइलट तथा मर्मतसम्भारको तालीम लिएको भए सोको अभ्यास व्यावसायिक उडान वा मर्मतसम्भार गतिविधिमा गर्न नपाउने व्यवस्था गरिएको छ। पाइलटले उडानबाहेक अन्य व्यावसायिक गतिविधिमा संलग्न रहन नपाउने जनाइएको छ।

'नो अब्जेक्सन लेटर' प्राप्त गरेको न्यूनतम पाँच वर्षको अवधिसम्म शेयर लगानीकर्ताले आफ्नो शेयर बिक्री तथा हस्तान्तरण गर्न नपाउने, प्राधिकरणको स्वीकृतिविना कुनै पनि सरकारी स्वामित्व एवं निजी वायुसेवा कम्पनीले जिम्मेवार म्यानेजर र पोस्ट होल्डर नियुक्त गर्न नपाउने, प्राधिकरणले वायुसेवा कम्पनीको अकाउन्टटेबल म्यानेजरको नियुक्ति, आवश्यक न्यूनतम योग्यता, अनुभव तथा अख्तियारी सम्बन्धमा विशेष कार्यविधि जारी गर्ने पनि उक्त दशौं संशोधनमा उल्लेख गरिएको छ।

## मुस्लिम सङ्घको जिल्ला अधिवेशन सम्पन्न

प्रस, वीरगंज, १६ भदौ/

नेपाल मुस्लिम सङ्घ पर्साको तेस्रो अधिवेशन शनिवार वीरगंजमा सम्पन्न भएको छ।

अधिवेशनको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य एवं सांसद अजय चौरसियाले देशमा मधेसी, महिला, आदिवासी, जनजाति, मुस्लिमलगायत पिछडिएका वर्ग समुदायको हकअधिकाका लागि सबैभन्दा पहिले आवाज उठाउने पार्टी नेका भएको दाबी गरे।

संविधान संशोधन गरी आरक्षणको व्यवस्था, प्रत्येक निकायमा समावेशी समानुपातिक पद्धति र जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्रको घोषणा नेकाले नै गरेको बताए।

मधेस प्रदेशका गृह तथा सञ्चार मन्त्री समिम मोहम्मदले मुस्लिम सङ्घको स्थापना नेकाका पूर्वप्रधानमन्त्री स्व गिरिजाप्रसाद कोइरालाले गरेको बताए। मुस्लिम समुदायको राजनीतिमार्फत हकहित संरक्षण गर्न स्थापना गरिएको मुस्लिम सङ्घ जुन गतिमा काम गर्नुपर्ने हो, सो अनुसार नभएको उनले गुनासो गरे। नेका, पर्साका उपसभापति रामनारायण कुर्मीले नेकाले मुस्लिमहरूको हकहितको पक्षमा र अन्यायका विरुद्धमा निरन्तर लागिरहेको र विगतदेखि हालसम्म संविधानसभा, प्रतिनिधिसभा प्रदेशसभालगायत पार्टी सङ्गठनमा ठाउँमा सहभागी गराएको बताए।

नेका, पर्साका सचिव एवं उपप्रमुख

(बाँकी अन्तिम पातामा)

# वीरगंज बनाउन सबैको साथ आवश्यक -नगरप्रमुख सिंह

प्रस, वीरगंज, १६ भदौ/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वीरगंज बनाउन सबैको साथ र सहयोग अपरिहार्य रहेको बताएका छन् ।

लायन्स क्लब अफ इन्टरनेशनलको आयोजनामा शुक्रवार आयोजित मेडिकल सामग्री हस्तान्तरण कार्यक्रममा उनले वीरगंजलाई समृद्ध बनाउन लायन्स क्लबलगायत सबैको साथ र सहयोग आवश्यक रहेको बताए ।

लायन्स क्लबले वीरगंज र यस क्षेत्रमा गरेका कामको सराहना गर्दै उनले आगामी दिनमा वीरगंजको आवश्यकता र यहाँका नागरिकको चाहनाबमोजिमका कार्यक्रम सञ्चालन गर्न आग्रह गरे ।

लायन्स क्लबसँग सहकार्य गर्दै महानगर अघि बढ्न तयार रहेको भन्दै नगरप्रमुख सिंहले महानगरले स्थापना गरेर सञ्चालनको तयारी गरेको वीरगंज जनस्वास्थ्य प्रयोगशालामा केही उपकरणहरू आवश्यक रहेकाले सोको व्यवस्था गरिदिन आग्रह गरे ।

लायन्स क्लब अफ इन्टरनेशनलका डिएन अग्रवालले शिक्षा र स्वास्थ्यको क्षेत्रमा लायन्स क्लबले काम गर्दै आएको




बताउँदै आफूहरू महानगरसँग सहकार्य गरेर अघि बढ्न सधैं तयार रहेको बताए । महानगरको प्रयोगशालालाई आवश्यक पर्ने उपकरण उपलब्ध गराउन लायन्स क्लब तत्पर रहेको बताए ।

यसैगरी, लायन्स क्लबले नेपाल मेडिसिटी वयोधा हस्पिटललाई चार थान डायलासिस मेशीन हस्तान्तरण गरेको छ । सो अस्पतालले डायलासिसका लागि निश्शुल्क व्यवस्था मिलाएकोले मिर्गौलारोगीका लागि सहज होस् भनेर आफूहरूले मेशीन उपलब्ध गराएको अग्रवालले जानकारी दिए । अस्पतालले यसअघिदेखि नै डायलासिस निश्शुल्क गरिरहेको र अहिले प्राप्त उपकरणबाट निश्शुल्क डायलासिस गर्न उत्साह थपेको अस्पतालले जनाएको छ ।

# आतङ्क मचाइरहेको पाटेबाघ निकुञ्जको नियन्त्रणमा



प्रस, ठोरी, १६ भदौ/

ठोरी गाउँपालिकामा आतङ्क मचाइरहेको पाटेबाघलाई पर्सा राष्ट्रिय निकुञ्जको टोलीले नियन्त्रणमा लिएको छ । पछिल्लो समय पाटेबाघको आतङ्क बढेपछि निकुञ्ज छेउमा बसोवास गर्ने त्रसित बनेका थिए ।

ठोरीको बाघामोर्चा छघरेलगायतका ठाउँहरूमा बाघले प्रवेश गरी पशु चौपाया मार्ने र मानिसहरूलाई त्रसित बनाइरहेको थियो । शनिवार बिहान १० बजे उक्त बाघलाई नियन्त्रणमा लिएको पर्सा राष्ट्रिय निकुञ्जले जनाएको छ ।

गत बुधवार गोरुलाई चराइरहेको बखत बाघले गोरुलाई आक्रमण गर्दा गोरुलाई बचाउने क्रममा बाघको आक्रमणमा परी ठोरी गापा-५ छघरेका ५० वर्षीय कान्छा दोङको मृत्यु भएको थियो ।




# गिद्धका लागि वासस्थान गम्भीर चुनौती बन्दै

गण्डकी, १६ भदौ/रासस


वासस्थानको अभावमा प्रकृतिको कूचीकार मानिने गिद्ध सङ्कटमा पर्दै गएको छ । पछिल्ला दशकमा मानवीय अतिक्रमणका कारण पोखरा र आसपासमा रहेका गिद्धका प्रमुख वासस्थान सङ्कटमा पर्दै गएका छन् ।

पोखरा महानगरपालिका-१५ छिनेडाँडास्थित फोहर विसर्जन स्थल परिवर्तन गरिएपछि थप चुनौती थपिएको छ । पोखरा उपत्यकामा बढ्दो बस्ती विकासको क्रमसँगै विगत दुई दशकयता गिद्धका प्रजाति लोप हुँदै गएका छन् । गिद्धको वासस्थान विशेषतः अग्लो सिमलको रूख नै हो । सिमलका रूखमा उनीहरू बस्ने र गुँड लगाउने गर्छन् । पोखरा आसपासका क्षेत्रमा बस्तीको विकाससँगै यहाँ रहेका सिमलका रूख काटिने क्रमसँगै उनीहरूको वासस्थान सङ्कटमा परेको छ ।

पोखरा उपत्यकाका चाउथे, मझेरीपाटन, बिरुवा, गैरीखेतलगायत स्थानमा करीब १५/१६ वर्षअघिसम्म ठूलै सङ्ख्यामा गिद्ध पाइने भएपनि अहिले ती ठाउँमा लोप भइसकेका छन् । सिमलका रूख काटिनुका साथै बढ्दो बस्ती र यातायातका साधन एवं उद्योगबाट निस्कने धूलो धूवाँका कारण गिद्ध सङ्कटमा परेका छन् ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै छिनेडाँडास्थित फोहर विसर्जन केन्द्रलाई पोखरा-३२ लामेआहालमा सारिएपछि गिद्ध पुनः सङ्कटमा परेका छन् । फोहर विसर्जन केन्द्र सारिए पनि त्यहाँबाट गिद्ध पूर्णरूपमा वासस्थान छाडेर गई नसकेको पोखरा पक्षी समाजका सचिव हेमन्त ढकालले जानकारी दिए । १५औं अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवसका अवसरमा पोखरा र तनहुँका विभिन्न आठ ठाउँमा गरिएको गिद्ध गणनाका क्रममा पुरानो ल्यान्डफिल साइडमा ४०-५० वटा गिद्ध फेला परेका ढकालले बताए ।

नेपालमा गरिएका विभिन्न अध्ययनले विगत दुई दशकमा गिद्धको सङ्ख्या घट्दै गएको देखाएको छ । वासस्थान सङ्कटमा पर्दै जानुका साथै गाईवस्तुलाई प्रयोग गरिने डाइक्लोफेनेकजस्ता औषधिको प्रयोगका कारण पनि गिद्ध सङ्कटापन्न अवस्थामा



पुगेका हुन् । पछिल्लो समयमा गाईवस्तु पाल्ने क्रम पनि अत्यधिक कम हुँदै गएको र मरेपछि विगतमा जस्तै फाल्ने क्रम पनि कम हुँदै जाँदा पनि उनीहरूको आहारामा समेत समस्या आएको देखिन्छ । डाइक्लोफेनेकको प्रयोग गरी उपचार गराइएका पशु मृत्यु भएपछि उक्त सिनो गिद्धले खाएमा मिर्गौलामा असर भई केही दिनमा नै गिद्ध मर्ने गरेको अध्ययनले देखाएको पोखरा पक्षी समाजका अध्यक्ष मनशान्त घिमिरे बताउँछन् ।

औषधि व्यवस्था विभागले डाइक्लोफेनेकलाई २०६३ जेठ २३ देखि उत्पादन, प्रयोग र बिक्री वितरणमा प्रतिबन्ध लगाइ त्यसको विकल्पमा गिद्धलगायत अरू पक्षी र वन्यजन्तुलाई असर नगर्ने प्रमाणित भएको मेलोक्सिक्याम औषधि बजारमा ल्याएको छ । विश्वमा पाइने २३ प्रजातिका गिद्धमध्ये दक्षिण एशियामा नौ प्रजातिका गिद्ध पाइन्छन् । दक्षिण एशियामा पाइने नौ प्रजाति नेपालमा पनि पाइने र ती सबै प्रजाति पोखरामा पाइने घिमिरेले जानकारी दिए ।

सिनो खाएर हैजा, रेबिजजस्ता रोग फैलन नदिन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गिद्धलाई प्रकृतिको कूचीकार भएका कारण यसको संरक्षणमा जागरूकता आवश्यक रहेको देखिएको छ । गिद्ध संरक्षणको उद्देश्यका साथ शुद्ध आहाराका लागि कास्कीको घाचोकमा केही वर्षयता जटायु रेस्टुरेन्ट सञ्चालनमा आए पनि त्यसको प्रभावकारी व्यवस्थापन हुन सकेको छैन । घिमिरेका अनुसार नेपालमा पाइने गिद्धका प्रजातिमध्ये डङ्गर, सुन, सानो खैरो, हिमाली, हाडफोर र सेतो गिद्ध यहाँका रैथाने प्रजातिका हुन् भने लामो ठुँडे, राज र खैरो गिद्ध हिउँदको समयमा आउने गर्छन् ।

त्यस्तै, हिउँदको समयमा लामो ठुँडे भारतबाट आउँछ भने खैरो गिद्ध मङ्गोलियाबाट आउँछन् । त्यस्तै, राज गिद्ध पाकिस्तान र किर्गिस्तानबाट आउने गरेका छन् । पछिल्लो तथ्याङ्क अनुसार नेपालमा पाइने हिमाली गिद्धको सङ्ख्या १० हजार तथा डङ्गर र सेता गिद्धको सङ्ख्या दुई हजार रहेको छ । त्यस्तै, नेपालमा सुन गिद्ध र हाडखोर गिद्ध करीब पाँच/पाँच सयको सङ्ख्यामा रहेको बताइएको छ । नेपालमा पाइने सानो खैरो गिद्धको सङ्ख्या भने ५० देखि ७५ को हाराहारीमा छ ।

पोखरा पक्षी समाजले विगत १० वर्षयता प्रत्येक वर्ष पोखरा र आसपासका क्षेत्रमा पाइने गिद्धको गणना गर्दै आएको छ ।

समाजले पोखराका पाँच ठाउँ घाचोक, पुम्दीभुम्दी, पुरानो एवं नयाँ ल्यान्डफिल साइड र दोभिल्लामा यस वर्ष पनि गिद्ध गणना गरेको अध्यक्ष घिमिरेले जानकारी दिए । समाजले आजै तनहुँका तीन ठाउँ व्यास नगरपालिका-१० स्थित शिशुवाभतेरी, शुक्लागण्डकी नगरपालिकास्थित गौ संरक्षण केन्द्र र दमौलीस्थित ल्यान्डफिल साइटमा गिद्धको गणना गरेको उनले बताए ।

## माझीको श्राद्धमा जनप्रतिनिधिले गरे १५ हजार सहयोग

प्रस, परवानीपुर, १६ भदौ/

पटेर्वासुगौली गाउँपालिका-२ का अध्यक्ष विजय गैरे र वडा सदस्यहरूले एकजना मृतकको श्राद्ध गर्न रु १५ हजार नगद सहयोग गरेका छन् ।

सोही वडाका बकुल्ला माझीको मृत्यु भएको र निजको काजक्रिया गर्न जनप्रतिनिधिहरूले सहयोग गरेका हुन् ।

सहयोग रकम वडाध्यक्ष एवं वडा सदस्यको टोलीले मृतकको छिमेकी सिमरिखिया देवीलाई घरमै गएर हस्तान्तरण गरेका थिए ।

## मुस्लिम सङ्घको जिल्ला ...

इम्तियाज आलमले नेकालाई अगाडि बढाउने मुस्लिम सङ्घको पनि भूमिका अहम् रहेको बताए ।

क्षेत्रीय सभापति मोहम्मद साहबुद्दीनले नेकालाई मजबूत बनाउन मुस्लिम सङ्घले सक्रियरूपमा काम गरेको बताए । जाकिर हुसेनको अध्यक्षतामा भएको कार्यक्रममा मुस्लिम सङ्घका कार्यवाहक सभापति अताबुल मन्सुर, पूर्वमन्त्री सुरेन्द्रप्रसाद चौधरी, प्रदेशसभा सदस्य श्याम पटेल, पटेर्वासुगौली गापाका अध्यक्ष दिनेश चौधरी, किरण सरकार, नवीन सिंह, धर्मराज यादव, शेख हजरालगायतको सहभागिता थियो ।

# निश्शुल्क आँखा शिविर

प्रस, पोखरिया, १६ भदौ/

वीरगंज आँखा तथा दाँत अस्पतालको रहेको डा चन्दन बनर्जीले बताए । शिविरमा औषधि निश्शुल्क वितरण



सहयोगमा गोल्डेन फ्युचर एकेडेमी धोबिनी गाउँपालिका-३ हरिहरपुरको आयोजनामा निश्शुल्क आँखा शिविर हरिहरपुरमा सम्पन्न भएको छ ।

शिविरमा ४२७ जना महिला, पुरुष तथा बालबालिकाहरूको आँखा चेकजाँच गरिएको थियो । जसमध्ये ७३ जना मोतीबिन्दु, ६२ जनामा आइफ्लू देखिएको तथा १७५ जनालाई चश्मा आवश्यक गरिएको थियो । मोतीबिन्दुका रोगीहरूको मङ्गलवार निश्शुल्क शल्यक्रिया गरिने एकेडेमीका सञ्चालक मजिद मियाँले बताए । शिविरमा डा बनर्जीको टीमले आँखा चेकजाँच गरेको थियो । कार्यक्रममा एकेडेमीका सञ्चालक मियाँ, शशिभूषण मुखिया, प्रधानाध्यापक चन्देश्वर साह, शिक्षक जोया प्रवीणलगायतले सहयोग गरेका थिए ।

**आँखा पाक्ने रोगका लक्षण देखिएमा घरमा स्याहार गर्दा ध्यान दिनुपर्ने कुराहरू**

- बरफले आँखा सेक्ने ।
- सेक्दा आँखा बन्द गरेर वा सफा रूमालले सेक्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- आँखा छोइसकेपछि साबुनपानीले राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- बाहिर घाममा जाँदा कालो चश्मा लगाउने ।
- सङ्क्रमित व्यक्तिले प्रयोग गरेका रूमाल, टावेल, सिरानी, तन्ना आदि दैनिक धुने ।
- सङ्क्रमित व्यक्तिले प्रयोग गरेका सामान अरूलाई प्रयोग गर्न नदिने ।
- स्वास्थ्यकर्मीको सल्लाहविना जथाभावी औषधि प्रयोग नगर्ने ।
- दृष्टि कम हुनेलगायतका आँखासम्बन्धी समस्या बढेमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड